# महाबु गाउँपालिका दैलेख को आ.व. २०७६।०७७ को निति,कार्यक्रम तथा बजेट

यस गरिमामय गाउँ सभाका अध्यक्ष ज्यु ,
प्रमुख अतिथि ज्यु,
गाउँ सभाका सदस्य ज्यु हरु,
प्रमुख प्रशासकीय अधिकृत ज्यु
विषयगत कार्यालयका प्रमुख ज्यु , लगायत वडा सचिव ज्युहरु,
पत्रकार ज्युहरु,
र अन्य उपस्थित अतिथि ज्युहरु,

यस सम्मानित गाउँ सभामा उपस्थित गाउँ सभाका सदस्य ज्युहरु, राष्ट्रसेवक कर्मचारीहरु,पत्रकारहरु,प्रधानाध्यापक ज्युहरु, समाजसेवि, वुद्धिजिवि, उद्योगपति, व्यापारि, अल्पसंख्यक समुदाय, किसानवर्ग उपस्थित सम्पुर्ण सज्जनवृन्द ।

**सर्वप्रथम म,**

यस ऐतिहासिक घडिमा लोकतान्त्रीक गणतन्त्र धर्म निरपेक्षता,संघीयता,समावेशी र समाजिक न्यायका लागी आफ्नो जिवन आहुति गर्नुहुने सम्पुर्ण आदरणीय विर सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै न्याय, समानता, स्वाधिनता र समृद्धि प्राप्तीका लागी योगदान गर्नुहुने सम्पुर्ण आदरणीय राष्ट्रसेवक कर्मचारीहरु दाजु भाई तथा दिदि बहिनिहरुलाई हार्दिक सम्मान व्यक्त गर्दछु । ऐतिहासिक चौथो गाउँ सभामा प्रस्तुत ०७६ ⁄०७७ को निति कार्यक्रम र बजेटलाई जनताको ईच्छा र आकांक्षा अनुसार कार्यन्वयन गरिएको छ ।

सर्वप्रथम म सार्वभौम सम्पन्न नेपली जनताको प्रतिनिधि संस्था संविधान सभावाट संघिय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान घोषणा भई लागु भई तिनै तह संघ, प्रदेश र स्थानिय तहको निर्वाचन सम्पन्न भै सकेपछिको महाबु गाउँपालिका का जनताको प्रतिनिधि संस्था सम्मानित पाँचौ गाउँ सभामा आर्थिक वर्ष ०७६⁄०७७ को वार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु ।

अध्यक्ष महोदय,

अव म महाबु गाउँपालिकाको वर्तमान अवस्था र चुनौति सम्भावनाहरु र समग्र विकास र समृद्धिको कार्यक्रम यस सम्मानित गाउँसभामा प्रस्तुत गर्दछु ।

१. **महाबु गाउँपालीकाको वर्तमान अवस्था :**
यस गाउँपालिकाको क्षेत्रफल एक सय दस दसमलव असी वर्ग किलोमिटर रहेको छ । यस गाउँपालिका को कुल जनसंख्या (२०६८ को जनगणना अनुसार) १९हजार २ सय ७७ रहेको छ । मानव विकास सुचाङ्कको हिसावले दैलेख जिल्लाका ११ वटै स्थानिय तह मध्य पछि छ । कुपोषण, वाल मृत्युदर, मातृ मृत्युदर विगत का भन्दा अपेक्षीत रुपमा सुधार भएको छ । केहि महत्वपुर्ण सुचकहरुको आधारमा यस गाउँपालीकाको वर्तमान अवस्थामा विशेष सुधार भएको छ ।

२. **महाबु गाउँपालिकाको चुनौति र सम्भावनाहरु :**
यस सम्मानित गाउँसभामा कार्यक्रमिक हिसावले समावेश गरिएका अल्पकालीन,मध्यकालीन तथा दिर्घकालीन महत्वका सवालहरुलाई सफल पार्नका लागी यस गाउँपालिका का विद्यमान चुनौति र विराट सम्भावना हरुलाई यथोचित ध्यान दिदै चुनौतिलाई सम्भावनामा परिणत गर्ने र अवसर हरुलाई सदुपयोग गरेर मात्र यस गाउँपालिका को समग्र विकास र समृद्धिमा फट्को मार्न सकिन्छ । यस महाबु गाउँपालिकाको आर्थिक अवस्था निम्न अनुसार रहेका छन् ।

२.१ महाबु गाउँपालिका प्राकृतिक स्रोत साधनले सम्पन्न भएतापनि आर्थिक विकासको दृष्टीकोण वाट पछि परेको छ । गाउँपालिकाका सवै वडाहरुमा आ.व. ०७५⁄०७६ मा सडक सञ्जालमा जोडि सकिएको छ । नयाँ संरचना अनुसार गाउँपालिकाको सदरमुकाममा नयाँ संरचना अनुसार विकास का प्रक्रियाहरु अगाडि वढाउनु पर्दा थप जटिलता आयका छन् । महाबु गाउँपालिका र यसका सवै वडाहरुमा वडाकार्यालय भवन नहुँदा सेवा प्रवाहमा जटिलता उत्पन्न भएको छ । स्वास्थ्य चौकि वाहेक सुविधायुक्त अस्पतालहरु नभएको र स्वास्थ्य चौकि भवनहरु नभएको कारण जनताहरुलाई स्वाथ्य सेवा दिन सकिएको अवस्था छैन ।
शिक्षाको क्षेत्रमा विगतका सरकारहरुले धमाधम अनुमति दिने तर शिक्षक को दरवन्दी नदिने कारणले शिक्षाको गुणस्तर खस्केको छ । विभिन्न संस्थाहरुले आफ्ना क्रियाकलाप हरु सञ्चालन गरेपनि उपलब्धीमुलक नभएर समय सदुपयोग गर्ने खालका छन् ।

३. यो गाउँपालिकाका जनताको मुख्य पेसा कृषी हो । हाल सम्म परम्परागत कृषी प्रणाली मा निर्भर भएकाले अर्को ठुलो चुनौति रहेको छ ।

४. अझसम्म यस क्षेत्रमा रुडिवादि र अन्धविस्वासका अवशेषहरु रहेका कारण युग अनुसार सामाजिक रुपान्तरण गर्न सकिएको छैन ।

०५. प्राविधिक तथा वौद्धिक जनशक्ति र नागरिक सचेतनाको कमि भएको कारण विकासको क्षेत्रमा फट्को मार्न सकिएको छैन ।

६.	यस गाउँपालिकाका जनताको पिडा र समस्याहरु समान छन् । पहाडि धरातल भएको कारण वाढी,पहिरो,हिउँ,असिना,चट्याङ का कारण भोकमारीको समस्या,उपकरणको समस्या,शिक्षाको पहुँच मा कमि जस्ता चुनौतिहरु छन् । वेरोजगारिको समस्याको कारण उर्जाशिल युवाहरु भारत,खाडि मुलुक लगायत अन्य मुलुकमा पलायन भएका छन् । हाम्रा सामु यिनै महत्वपुर्ण चुनौतिहरु रहेका छन् ।

**अध्यक्ष महोदय,**

माथि उल्लेखित चुनौतिहरुका बावजुत यस गाउँपालिकाका प्रचुर सम्भावना रहेका छन् । यिनै सम्भावनाहरुको अध्यायन विश्लेषण पहिचान गरि सहि सदुपयोग गर्न सकेमा उल्लेखीत चुनौति हरुलाई सहजै निराकरण गरेर यस क्षेत्रको विकास र आर्थीक संवृद्धीको अभियानलाई सफल पार्न सक्नेछौ ।

१.	यस गाउँपालिकामा साना ठुला खोलाहरु उत्तरवाट दक्षिण तिर बगेको कारण विद्युत उत्पादन को सम्भावना रहेको छ । सवै क्षेत्रमा सिचाई र खनेपानि को उचित व्यवस्थापन गरि समग्र विकासको ढोका खुल्न सकिनेछ ।

२.	पर्यटनको दृष्टिकोण्ले अत्यन्त धनि छ । प्राकृतिक सुन्दरता ऐतिहासिक,धार्मिक धरोहरहरु,सांस्कृतिक सम्पदाहरु इस क्षेत्रका अमुल्य सम्पति हुन् । दैलेख जिल्लाको सवैभन्दा अग्लो महावु लेक (४१६८ व.मि. अग्लो) यस गाउँपालिकामा पर्दछ । धार्मिक स्थलहरुमा महावैको उत्पति स्थल गाथ काँशिकाध, गीताचौरको शिवालय र महावै जगनाथको मन्दीर,बाँसिको गुफा र मालिका मन्दिर ,प्रत्येक वडाहरुमा रहेका महावैजगनाथकामन्दीरहरु,कालिका,भैरव,मस्टा,शिद्धशान्ती,कैलासनाथ,लामाकान,भगवति,देवि का मन्दीरहरु ,भेषभुषा,चाडपर्व जस्ता महत्वपुर्ण सम्पदाहरुलाई संरक्षण गर्न सकेमा वाह्य तथा आन्तरिक पर्यटक आकर्षणको थलोको रुपमा विकास गर्न सकिनेछ ।

३.	यस गाउँपालिका का जंगलहरुमा हजारौ थरिका जडीवुटिहरु पाईन्छन् । तिनि जडिवुटीको संरक्षण,उत्पादन,ब्यवस्थापन,प्रवर्धन तथा वजारिकरण गर्न सकेमा यहाँको आर्थीक अवस्थामा सुधार ल्याउन सकिन्छ ।

४.	भौगोलीक विविधतालाई पनि यस प्रदेशको विकासको अवसरका रुपमा लिन सकिन्छ । कृषी वालीतर्फ हिमाली तथा पहाडि क्षेत्रमा उत्पादन हने धान,कोदो,जौ,मकै,गहुँ,फापर,स्याउ,सुन्तला,केरा अम्वा समेत उत्पादन हुन्छ भने,विभिन्न स्थानमा बाख्रा, भेडा, गाई, भैंसी, कस्तुरी, मृग, बाघ, भालु, डाँफे, मुनाल पाउनुका साथै महत्वपुर्ण पशुंछीको वास स्थान रहेको छ ।

५.	यस गाउँपालिकामा विकासको मेरुदण्डका रुपमा उर्जाशिल र गतिसिल जनशक्ति नै हो । आफ्नो गाउँ आफै वनाउँ भन्ने उद्घोषका साथ यस गाउँपालिकाको विकास र समृद्धि आफैले गर्नपाउने अवसरको उपयोग गर्ने र उक्त जनशक्तिलाई प्राविधिक ज्ञान,सिप र क्षमतालाई अभिबृद्धि गर्नु जरुरी छ । यसका निमित्त वेरोजगार युवा हरुलाइ गाउँको समग्र विकास निर्माणमा सरीक गराउन अध्यक्ष रोजगार कार्यक्रम मार्फत रोजगारको सुनिश्चितता गरिरने छ । यसका लागि रकम विनियोजन गरेको छु ।

६.	गाउँपालिकाको विकासका लागि आर्थिक,सामाजिक रुपान्तरणको नेतृत्व गर्न सक्ने जनशक्ति उत्पादन गर्नु हाम्रो प्रमुख लक्ष हुनु पर्दछ । विकासमा जनताको स्वामित्व र अपनत्व स्थापित गर्न सकिनेछ ।

७.	यस गाउँपालिकामा प्रसस्त खानि र खनिजका सम्भावनाहरु छन् । यहाँ काईनेट,चुनढुंगा,तामा,खरिढुंगा,गन्धक,स्लेट जस्ता खानीहरु रहेका छन् । जस्ले हाम्रो गाउँपालिकाको विकासमा टेवा पुग्न सक्नेछ ।

८.	यस गाउँपालिकामा रहेका कला संस्कृति,मौलिक शिप,रहन सहन,नाच गित,मारुनि नाच,स्थानिय वाली उत्पादन यो गाउँपालिकाको महत्वपुर्ण आर्थिक समृद्धिको आधारशिलता वन्न सक्नेछ । प्राकृतिक श्रोत साधन र सम्पदा को सहि सदुपयोग र कृषिमा आधुनिकिकरण गर्न नसकेका कारण यो क्षेत्र गरिविको रेखामुनि परेको छ । यिनै चुनौति र सम्भावनालाई आर्थिक,समाजिक,भौतिक,मानविय,सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको वास्तविकतालाई राम्ररीवुझ्न वुझाउन र अध्यायन अनुसन्धान गर्न गराउन जरुरि छ । त्येसमा आधारित भएर विकासलाई सुव्यबस्थीत रणनितिक दिर्घकालीन योजना निर्माण गर्न आवश्यक छ । यस गाउँपालिका लाई समृद्धि गराउनका निमित्त माथि उल्लेखीत सम्भावना हरु माथि टेकेर हामि सम्पुर्ण जनताहरुको पहल कदमिका साथ हाम्रा पौरखी हातहरुलाई ढिलो नगरी,अगाडी वढाउन सकेमा यहाँका सम्पुर्ण राजनितिक दल,वौद्धिक व्यक्तित्वहरु,नागरिक समाज तथा आम जनसमुदाय एकजुट भएर हातेमालो गर्दै अगाडी वढ्नु जरुरी छ ।

**अध्यक्ष महोदय,**

अब म महाबु गाउँपालिकाको विकास र समृद्धिका लागी २०७६/२०७७ मा अवलम्बन गरिने वार्षिक निति तथा कार्यक्रम हरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १.    सुशासन तथा संस्थागत विकास तर्फ

आवधिक गाउँपालिका विकास योजनाले गरेका मुख्य लक्ष र उद्देश्यहरुलाई ध्यानमा राखेर सवै सरोकारवाला निकायहरु बाट विकास कार्यक्रम हरु सञ्चालन गरिनेछ ।

- यस गाउँपालिका अन्तरगत रहेका विषयगत कार्यालय,सरकारी तथा गैर सरकारी कार्यालय,सम्पादन गरिने वार्षिक निति वजेट कार्यक्रम लाई जनआधारित सहभागितामुलक योजनाका प्रक्रियाहरुलाई पुर्ण रुपमा पालन गरिने छ ।
- सुचना प्रवाहलाई पारदर्शिता  र प्रभावकारी बनाउन गाउँपालिका कार्यालय र वडा कार्यालयहरुमा वयभ साईड नियमित गरि सुचनामा सहज पहुँच वढाउन आवस्यक व्यबस्था गरिनेछ। यस गाउँपालिका अन्तरगतका सम्पुर्ण विषयगत कार्यालयहरुवाट भए गरेका कामको एफ. एम. रेडीयो र पत्र पत्रीका मार्फत जानकारीमा ल्याईने व्यबस्था गर्नेछु।
- गाउँपालिकामा संचालन हुने सम्पुर्ण क्रियाकलाप हरुलाई सार्वजनिक सुनुवाई,सामाजिक परिक्षण मार्फत सेवा प्रदायक हरुलाई त्यसको प्रभावकारिता वारे जानकारि गरि पारदर्सिता र स्वच्छ सुसासनको प्रत्याभुति गरिनेछ ।
- गाउँपालिका अन्तरगत कार्यान्वयन हुने समपुर्ण क्रियाकलाप हरु लाई सेवामुखी र जनउत्तरदायी वनाउन अनुगमन मुल्याङ्कन प्रक्रियालाई निरन्तर दीईनेछ ।
- जेष्ठ नागरिक,एकल महिला,असहाय,असक्त,अपाङ्ग लाई वितरण गरिने सामाजिक सुरक्षा भत्ता को वितरण प्रक्रियालाई वयभ साईड अध्यवधिक बैंकिङ सेवा मार्फत थप व्यवस्थित गरिने छ ।
- संचालित आयोजनाहरुमा टेवा पुर्‍याउने उद्देश्यका साथ उपभोक्ता समितिहरुलाई अभिमुखि करण तालिमको व्यवस्था मिलाउनेछु ।
- गाउँपालिकाको प्रशासनिक,आर्थिक कामलाई व्यवस्थीत गर्न गाउँपालीका मातहतमा रहेका सम्पुर्ण विषयगत कार्यालय को कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको निति अवलम्बन गरिनेछ ।
- पत्रकार महासंघको समन्वयमा यस गाउँपालिकामा भए गरेका कामको गतिविधिलाई सार्वजनिकिकरण गरिनेछ ।
- यस गाउँपालिकाको योजनाबद्ध विकासका लागी पञ्च वर्षीय वार्षिक कार्य योजना निर्माण गरि कार्यन्वयनमा ल्याउने व्यवस्था मिलाउने छु ।
- गाउँपालिकामा संचालन गरिएका सरकारि तथा गैरसरकारि काम काजको व्यवस्थीत सुचना र अभिलेख राख्ने व्यवस्था मिलाईनेछ ।
- पाँचौ गाउँसभाबाट पारित गरेका निति,नियम र कार्यक्रम निरन्तरता दिईनेछ ।
- महाबु गाउँपालिका भित्र रहेका वेरोजगार युवाहरुलाई गाउँमै रोजगार दिने उद्देश्यले अध्यक्ष श्रम रोजगार कार्यक्रमको व्यबस्था मिलाईने छ ।

## २.    भौतिक पुर्वाधार तर्फ

महाबु गाउँपालिका भौगोलिक रुपमा पछाडी छरियर रहेको वस्ती थुप्रै साना ठुला खोला हरु भएको कारण सडक सञ्जालमा पहिलो प्राथमिकता राखेर सम्पन्न गरीने छ ।

- दैलेख सदरमुकाम देखी डुंग्री, खरिगैरा हुँदै गाउँपालिका को सदरमुकाम गैंडावाज-काप्रिखोला-काँशिकाँध जोड्ने सडकलाई स्तर उन्नति गरि ग्राभेल गरि बाह्रै महिना गाडि चल्ने व्यवस्था गरिनेछ। उक्त सडक निर्माणका लागि प्रदेश सरकार संगको साझेदारिमा सम्पन्न गरिनेछ ।
- भिरखेत-बाँसी-गिताचौर-कालिकोट मान्म - जुम्ला-सडकलाई प्रदेश सरकार मार्फत निर्माण गर्न अनुरोध गर्नेछु ।
- गैंडावाज,खरिगैरा,वडाखोला को मान्म,राज्म वाँसि,गिताचौर,काँशिकाँध,टाकुरि,उत्तीसेनि,रानिवन गैडावाज चक्रपथको निर्माण गर्ने व्यवस्था मिलाएको छु। साथै यस वर्ष सडकको नयाँबाटो निर्माण कार्य सम्पन्न गरिनेछ ।
- गाउँपालिका भित्रका निर्माण भएका सडकहरुको स्तर उन्नति र घोरेटो वाटाहरु मर्मत सम्हार र नयाँ सडक निर्माण गर्ने ब्यबस्था गरेको छु ।
- राज्यले अवलम्वन गरेका तिन खम्बे निति (सरकारि,सहकारि र निजि) क्षेत्र यस गाउँपालिका मा प्रतिनिधित्व हुने गरि उद्योग वाणीज्य संघको शाखा खोली त्यसको कार्यालय भवन निर्माणका लागी आवश्यक रकम विनियोजन गरेको छु ।
- प्रत्येक नागरिकको खाद्य सम्प्रभुता सहितको खाद्य अधिकारलाई मध्यनजर गर्दै कृर्षिको आधुनिकिकरण र ब्यबसायिकरण का लागी उच्च कृषी प्रविधिको प्रयोग,उन्नत विउ,सुधारिएको पसु नश्ल को लागी वजेट विनियोजन गरेको छु ।

- यस गाउँपालिकाका जनताहरुलाई स्वच्छ खानेपानी को अभाव भएको हुँदा उत्तिसेनि,गैडावाज वृहत खानेपानी योजना खानेपानीलाई डीटेल सर्वे गर्ने कार्य सम्पन्न भएको छ । साथै खानेपानी निर्माण भै जिर्ण भएका ६ वटै वडाका खानेपानी योजनालाई मर्मत सम्हार गरि सञ्चालनमा ल्याउनका लागी रकम विनियोजन गरेको छु ।
- कृषिमा उत्पादन वृद्धि गर्न प्रत्येक वडामा सिचाईको व्यबस्था मिलाईने छ ।
- यस गाउँपालिकामा रहेका जल,जंगल, र जडिवुटि,फलफुल,खनिज पदार्थ,कृषी जन्य उत्पादन,पसुपालन,पर्यटकीय साधन र मानविय श्रोतको उचित प्रयोग गरि उध्योगको विकास बाट प्रत्येक नागरिकको जिवन पद्धतिलाई आर्थीक रुपमा रुपान्तरण गरिने छ ।
- महाबु गाउापालिकाको विकास निर्माणलाई सहजता गर्नका लागि एउटा जिप, एउटा जे.सि.भि. ,एउटा लोडर र एउटा टिप्पर खरिद गर्ने व्यवस्था मिलाएको छु । साथै स्वास्थ्य सेवालाई छिटोछरितो प्रभावकारी बनाउन एउटा एम्बुलेन्स खरिद गर्ने व्यवस्था मिलाएको छु ।
- महाबु गाउँपालिका वडा नं. ३ बाँसी, - गिताचाचौर देखि काँशिकाँध सम्म विद्युतिकरणको लागि रकम विनियोजन गरेको छु । साथै काप्रिखोला जल विद्युत आयोजना, दोभान जलविद्युत आयोजना, टाकुरी जलविद्युत आयोजना लाई मर्मत सम्हार मा रकम विनियोजन गरेको छु ।
- गोर्खावियलफर सेन्टर द्धारा संचालित खानेपानि निर्माण का योोजनाहरु महाबु गाउँपालिका का सवै वडाहरुमा संचालनको लागी माग गरिनेछ । र आ.व. ०७६/०७७ सालमा महबु ६ टाकुरी का दुई वटा योजना लाई निर्माण गर्ने GWT लाई अनुमती दिईने छ ।

## ३. सामाजिक विकास समिति तर्फ :

- महाबु गाउँपालिका २०७६/२०७७ मा प्रवाह गरिने शैक्षिक क्रियाकलापलाई लक्ष अनुररुप कार्यान्वयन गर्न वार्षिक कार्यायोजना ०७६/०७७ निर्माण गरि लागु गरिनेछ ।
- दिगोविकासको लक्ष पुरागर्न आधारभुत शिक्षा अध्यायन गर्ने समुहका सम्पुर्ण वालवालिकालाई आधारभुत वातावरण शृजना गरि शिक्षाको मुल प्रभावमा लगिनेछ ।
- नेपाल सरकारको साक्षरता घोषणा अभियानलाई सार्थक वनाउन निरक्षरता उन्मुलन गरि पुर्ण साक्षर गाउँपालिका बनाउन पहल गरिने छ ।
- यस गाउँपालिकाका गरिव जेहेनदार महिला छात्राहरु राम्रो अंक ल्याउने विपन्न विद्‌यार्थीलाई उच्च शिक्षा इन्जिनियर,डाक्टर अध्यायनका लागी छात्रवृत्ति को व्यबस्थापन गर्न मदन भण्डारि कोषको व्यबस्था गरि कार्यान्वयनका लागि निरन्तरता दिईने छ ।
- गाउँपालिका स्तरिय स्वास्थ्य सेवा लाई प्रभावाकारी वनाउन यहाँ रहेका स्वास्थ्य चौकिलाई स्तरउन्नति गरि गुणस्तरिय सेवा सुनिस्चित गरिनेछ । स्वास्थ्य चौकि गैडावाजलाई प्राथमिक स्वास्थ्य केन्द को रुपमा स्तरउन्न्ती गरि अस्पताल संचालन र व्यवस्थापन गर्न प्रदेस सरकार र नेपाल सरकार स्वास्थ्य मन्त्रालयमा माग गरिनेछ । साथै यस वर्षदेखि गैडाबाज स्वास्थ्य चौकीको स्तरोन्नती गरि अस्पताल संचालन गरिनेछ । साथै यसका लागि रकम विनियोजन गरेको छु ।
- प्रजनन् स्वास्थ्य अन्तर्गत पाठेघर खस्ने समस्या,लैङ्गीक हिंसा,घरेलु हिंसा,छाउ प्रथा,वाल विवाह,जातिय विभेद र छुवाछुत जस्ता सामाजिक कुरितिहरुलाई अन्त्य गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- युवाहरुको क्षमता अभिबृद्धि का लागि राउटे वजारमा रहेको खेलकुद मैदान लाई निर्माण कार्य पुरा गर्न रकम विनियोजन गरिने छ ।
- बिकटताको कारण प्रत्येक नागरिकलाई स्वास्थ्य सेवा दिन समस्या भएको ले महावु गाउँपालीकाको वडा नं.४ गिताचौर,६ को रानिवन,२ को ऐराडिमा स्वास्थ्य सेवा दिनका लागी १/१ जना अहेव र १/१ जना अनमी र १/१ जना कार्यालय सहयोगी को व्यबस्था गरि स्वास्थ्य सेवा प्दान गरिएको छ । साथै यसलाई पुनः निरन्तरता दिईने व्यवस्था मिलाएको छु।

- सरकारि तथा गैरसरकारि संघ संस्थाहरुको कामकाजलाई थप व्यबस्थीत गरि आवश्यकता लाई ध्यानमा राखेर आर्थिक समृद्धिको दिशा तिर उन्मुख गराईनेछ ।
- स्थानिय तहको प्रत्येक क्रियाकलापमा महिला,दलित,जनजाति,दन्द्धपिडीत,एकल महिला,सिमान्तकृत वर्गको सहभागीतामा वृद्धि गराई आर्थिक समृद्धिका हरेक गतिविधिमा समावेशि तथा सहभागीता अगाडि बढाउने नितिलाई अवलम्बन गरिने छ ।
- महाबु गाउँपालिकामा रक्सी, जुवातास, खोलाहरुमा करेन्ट र विषादि हालेर माछा मार्ने कार्य, वनयजन्तु मार्ने, अवैध जडिबुटि, काठ ओसार पसार गर्ने कार्य गर्नेलाई पुर्ण रुपमा निषेध गरिनेछ । त्यसका लागि जनचेतना मुलक कार्यक्रम गर्ने व्यवस्था मिलाईनेछ ।
- यस गाउँपालिकामा छरिएर रहेका सामुदायिक संस्थाहरुलाई संगठित गरि सहकारिको माध्यमवाट समाजलाई रुपान्तरण गर्ने निति अवलम्बन गरिनेछ । एक टोल सहकारी को व्यवस्था मिलाईनेछ । सहकारीलाई प्रभावकारी वनाउन आवश्यक रकम विनियोजन गरिनेछ ।
- महाबु गाउँपालिका कृषिमा आधारित भएकोले प्रत्येक वडामा १/१ जना कृषि र पशु प्राविधिक का लागि नेपाल सरकार लाई अनुरोध गर्ने निर्णय गरिनेछ ।
- कम्तीमा एउटा वडाको एउटा विद्यालयमा शिक्षामा आधुनिक प्रविधिको प्रयोग द्धारा शिक्षण गर्न का लागि रकम विनियोजन गरेको छु ।
- खेलकुदमा विध्यार्थीहरुको शाररिक मानसिक विकासको लागि एक वडा एक खेल मैदानमा रकम विनियोजन गरिने छ ।

## ४. आर्थीक विकास तर्फ :

- महाबु गाउँपालिका भौगोलिक रुपमा भिरालो,पाखो जग्गा भएको र वाडि, पहिरो, हिउँ, असिना जस्ता प्राकृतिक प्रकोपको कारण खाध्यान्नको समस्या बाह्रै महिना हुने गरेको छ । जनताको खाध्य सुरक्षा र दिगो पन ल्याउन,आत्म निर्भर वनाउन भौगोलिक सम्भाब्यत अध्यायन गरि वाली,वागवानि,मसला बाली,माछापालन,तरकारि तथा फलफुल खेति जस्ता कार्यक्रमहरु सञ्चालन गरि उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने र कृर्षिमा आधुनिकिकरण गरि ब्यबसायिक कृषी मार्फत आर्थिक विकासमा टेवा पुग्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- माटोको उर्वराशक्ति कायम राख्न खाद्य तत्व ब्यवस्थापन र भकारो सुधार,गोठ सुधार,मलमुत्र व्यबस्थापन गरि प्राङ्गारिक मल उत्पादन र उपयोगमा विशेष जोड दिईने छ ।
- भौगोलीक अवस्थाको अध्यायन गरि विभिन्न स्थानमा कृषी पकेट क्षेत्रको विकास गरिने छ ।

### तपसिल :

१. प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत अलैची जोन कार्यक्रम महाबु गाउँपालिका को वडा नं. ५ बडावन र मकै पकेट कार्यक्रम महाबु गाउँपालिकाको वडा नं. २ वडाखोला लाई निरन्तरता दिई मकै पकेट कार्यक्रम महाबु गाउँपालिका वडा नं. १ लाई थप गरिनेछ ।

२. महाबु गाउँपालिका र प्रदेश सरकारको साझेदारीमा तपसिल बमोजिमका व्यवसायिक कृषि आयोजनाहरु संचालनमा ल्याईनेछ ।

- व्यवसायिक अलैची खेति तर्फ :- वडा नं. ५ को गोर्ति, वडा नं. ६ को रानिवन, वडा नं. ४ को चाल्नेमुल, काँडासिरौला, ओखलढुंगा ।
- व्यवसायिक जडिबुटि तर्फ :- महाबु गाउँपालिका वडा नं. ५ र ६ मा ।
- व्यवसायिक फलफुल खेति तर्फ- कि.भी., एभोकाड, लिची, आँप, केरा, सुन्तला, माल्टा, कागती, टिमुर :- महाबु गाउँपालिका वडा नं. १-६ मा सामुदायिक संस्था मार्फत कार्यान्वयन गरिनेछ ।
- व्यवसायिक मौरिपालन :- महाबु गाउँपालिका वडा नं. १ देखि ६ सम्म कृषि समुह मार्फत कार्यान्वयन गरिनेछ ।

  व्यवसायिक आलुखेति तर्फ :- महाबु गाउँपालिका वडा नं. ४ काँडासिरौला, ओखलढुंगा, वडा नं. ३ सुवाकोट, वडा नं. ६ को रानिवन मा ।

- व्यवसायिक तरकारी पकेट क्षेत्र :- महाबु गाउँपालिका वडा नं. १ तल्लो दबडा, वडा नं. २ को ताराचौर, वडा नं. ३ को तिपेडी, खाँडा पाल्चौर, वडा नं. ४ को काप्रीखोला, गिताचौर र वडा नं. ५ को गडिगाउँमा ।
- व्यवसायिक बाखापालन र भेडा पालन :- महाबु गाउँपालिकाको वडा नं. ५ र ६ मा ।
- व्यबसायिक भैसी पालन :- महाबु गाउँपालिकाको वडा नं. ५ र ६ मा ।
- व्यबसायिक उन्नत गाई पालन :- महाबु गाउँपालिका वडा नं. १, २, ३ र ४ मा पशु समुह मार्फत ।
- व्यबसायिक कुखुरा पालन तथा वंगुर पालन :- महाबु गाउँपालिका का सबै वडाहरुमा ।
- महाबु गाउँपालिका अन्तर्गत औध्योगिक ग्रामका लागि महाबु गाउँपालिका वडा नं. २ को माननचौर लाई वनाउन प्रदेश सरकार मा अनुरोध गरि कार्यान्वयन गर्ने व्यवस्था मिलाउने छु ।
- पहाडि निगाला, बाँस, ऊन, अल्लो, ढाँका, मसला जन्य उध्योगहरुलाई विशेष प्रथामिकता दिईनेछ ।

## ५. वातवरण तथा विपद् व्यबस्थापन तर्फ :

- महावु गाउँपालिका पहाडी भुभाग भएको हुँदा प्रत्येक वर्ष यहाको जनताले वाडि पहिरो असिना हिँउको कारण ठुलो जटिल समस्या वेहोर्नु परेको छ । प्रत्येक वर्ष निर्माण गरिएका संरचना खाद्य वाली दैविक प्रकोपको कारण भत्केर नष्ट भएर गईरहेका छन् । त्यसलाई न्युनिकरण गर्न अनुकुल वनाईराख्न एक दैविक प्रकोप तथा विपद् व्यवस्थापन ऐन निर्माण भैसकेको छ । जोखीम परेका जनता लाई भुमिकरण गरि न्युनिकरण गरिनेछ ।
- भुकम्प,वाढीपहिरो जस्ता विपद् वाट बच्ने हरेक खालका जनचेतनामुलक कार्यक्रम हरु सञ्चालन गरिनेछ ।
- वातावरणलाई अनुकुल वनाउन घरबारी करेसाबारी देखी वनजंगल संरक्षण गर्ने जस्ता जनचेतनामुलक कार्यक्रम गरिनेछ ।
- साथै एक व्यक्ति एक विरुवा लगाउने कार्यक्रममा रकम व्यबस्था गरिनेछ । र उक्त कार्य प्रदेश सरकारको साझेदारीमा संचालन गरिनेछ ।

# महाबु गाउँपालिका उपाध्यक्ष प्रेम कुमारी बुढा द्धारा प्रस्तुत वजेट बक्तब्य आ.व. ०७६/०७७
## मिति - २०७६ असार १०

यस गरिमामय प्रथम गाउँ सभाका अध्यक्ष ज्यु ,
सम्मानित गाउँ सभाका सदस्य ज्युहरु,
अतिथि विभिन्न राजनितिक दलका प्रमुख ज्युहरु,
अतिथि सुरक्षा निकायका प्रमुख ज्युहरु,
अतिथि सरकारि निकायका प्रमुख ज्युहरु,
अतिथि विभिन्न कार्यालयका ब्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापक ज्युहरु,
अतिथि पुर्व गाविसका अध्यक्ष र उपाध्यक्ष ज्युहरु,
अतिथि नेपाल पत्रकार महासंघका अध्यक्ष ज्यु,
अतिथि नेपाल उध्योग वाणीज्य महासंघका अध्यक्ष ज्यु,
अतिथि गै.स.स. महासंघका अध्यक्ष ज्यु,
अतिथि बार एशोसियनका अध्यक्ष ज्यु,
अतिथि विभिन्न पेशागत संघ संगठनका प्रमुख तथा प्रतिनिधि ज्युहरु,
अतिथि नागरिक समाजका अगुवाहरु,
अतिथि प्रमुख प्रशासकीय अधिकृत ज्यु, लगायत वडा सचिव ज्युहरु,

यस सम्मानित गाउँ सभामा उपस्थीत गाउँ सभाका सदस्य ज्युहरु, राष्ट्रसेवक कर्मचारीहरु,पत्रकारहरु,प्रधानाध्यापक ज्युहरु, समाजसेवि,वुद्धिजिवि,उद्योगपति,ब्यापारि,अल्पसंख्यक,समुदाय,किसानवर्ग उपस्थीत सम्पुर्ण सज्जनवृन्द ।

**सर्वप्रथम म**

सार्वभौम सम्पन्न नेपली जनताको प्रतिनिधि संस्था संविधान सभावाट संघिय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान घोषणा भई लागु भई तिनै तह संघ, प्रदेश र स्थानिय तहको निर्वाचन सम्पन्न भै सकेपछिको महाबु गाउँपालिका का जनताको प्रतिनिधि संस्था सम्मानित पाँचौ गाउँ सभामा आर्थिक वर्ष ०७६/०७७ को वार्षीक वजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरेको छु । यस ऐतिहासिक घडिमा लोकतान्त्रीक गणतन्त्र धर्म निरपेक्षता,संघीयता,समावेशी र समाजिक न्यायका लागि आफ्नो जिवन आहुति गर्नुहुने सम्पूर्ण आदरणीय विर सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु । साथै न्याय, समानता, स्वाधिनता र समृद्धि प्राप्तीका लागि योगदान गर्नुहुने सम्पुर्ण आदरणीय राष्ट्रसेवक कर्मचारीहरु दाजु भाई तथा दिदि बहिनीहरुलाई हार्दिक सम्मान ब्यक्त गर्दछु ।

**अध्यक्ष महोदय,**

अब म आ.व. ०७६/०७७ को निति तथा कार्यक्रममा उल्लेखित विषयवस्तुमा आधारीत रहेर आर्थिक वर्ष ०७६/०७७ को बजेटको विस्तृतीकरण यस सम्मानित सभामा  पेश गर्न गईरहेको छु ।

**वित्तिय सामानिकरण संघिय सरकार** : ८ करोड २९ लाख ।

**राजश्व बाँडफाड** : ६ करोड ७७ लाख ।

**प्रदेश सरकार वित्तिय समानिकरण** : १ करोड ९८ हजार ।

**प्रदेश सरकार राजश्व वाँडफाड** : ५ लाख ३४ हजार ।

**सशर्त अनुदान संघिय सरकार** : ११ करोड ४९ लाख ।

**आन्तरीक राजश्व संकलन वाट** :

**अ.ल्या.** : १२ लाख ।

**आन्तरिक श्रोत** : १८ लाख ।

**सामाजिक सुरक्षा वापत प्राप्त रकम** : ५ करोड ५० लाख ।

**जम्मा : ३४ करोड ३८ लाख २१ हजार ५ सय ९८ ।**

**चालु खर्च** : ५ करोड ७ लाख ५० हजार ।

**पुँजिगत तर्फ** : ११ करोड ३४ लाख ८२ हजार ।

**कन्ट्रिजेन्सी** : ३४ लाख ४ हजार ४ सय ६० ।

**जम्मा पुजिगत तर्फ : ११ करोड ७७ हजार ५ सय ४० ।**

**समपुरक कोष : २ करोड ८० लाख ।**

१. गैडाबाज उप स्वास्थ्य चौकीमा  अस्पताल संचालन पुर्वाधार निर्माण कार्यालय व्यवस्थापन - **रु १ करोड ।** (साझेदा निर्वाचन क्षेत्र पुर्वाधार विकास, प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र संघिय स्वास्थ्य मन्त्रालय)

२. ताराघाट, गैडाबाज, काँशिकाध, भैरवि सडक स्तरोन्नती - **रु. ८० लाख ।** ( साझेदारी कर्णाली प्रदेश सरकार)

३. दलित, जनजाती,अपाङ्ग, महिला, जेष्ट नागरिक क्षमता अभिवृद्धि र कृषि, पशु, अन्य साझेदार संघ संस्थाहरु - **१ करोड ।**

**गाउँपालिका वाट प्रस्तावित योजनाहरु ,**

१. आ.वि. भवन निर्माण दवडा खरिगैरा - **रु. ९ लाख ।**
२. चुरेघाटी भाव्र सडक महाबु १ - **रु. ६ लाख ।**
३. ईन्द्र चोक निर्माण महाबु १ - **रु. २ लाख ।**
४. जगदिश मा.वि. २ कोठे भवन निर्माण - **रु. १६ लाख ।**
५. डुंग्री खेलमैदान निर्माण - **रु. ६ लाख ।**
६. प्रतिक्षालय वण्डाली थान निर्माण महाबु ३ - **रु. ३ लाख ।**
७. खा.पा. निर्माण वण्डाली थान महाबु ३ - **१ लाख ।**
८. मष्टा मन्दीर निर्माण क्रमागत सुवाकोट  - **१ लाख ५० हजार ।**
९. वडा कार्यालय देखि पाल्चौर सडक स्तर उन्नती - **६ लाख ।**
१०. जगनाथ मन्दिर निर्माण साविक ७ बाँसी - **२ लाख ५० हजार ।**
११. खा.पा. निर्माण बाँसी - **१ लाख ।**
१२. मालिका दालमोट लघु उद्योग मेसिनहरु खरिद - **रु. २ लाख ।**
१३. खाडा पाल्चौर भवन खोला देखि नाउदार खोला सिचाई महाबु ३  - **रु. २ लाख ।**
१४. काफलखेत तटवन्धन महाबु ३ - **रु. २ लाख ।**
१५. महालिङ्ग मन्दीर प्रतिक्षालय थामबाँसी - **२ लाख  ।**
१६. खोप क्लीनीक रिठा बाँसी - **रु. २ लाख ।**
१७. कलिआमा धारा निर्माण बाँसी साविक ७ - **१ लाख ।**
१८. सुवाकोट आलुखेत प्रवर्द्धन बाँसी ईल्म - **रु. २ लाख ।**
१९. चाल्नेमुल चिन्डे खा.पा. महाबु ४ - **३ लाख ।**
२०. घट्टे कुलो रवट सिचाई कुलो महाबु ४ - **३ लाख ।**
२१. माथिल्लो भाँडे खा.पा. महाबु ३ रिठा - **रु. २ लाख ।**
२२. कोरेली बाँसी जैसी वाडा तटवन्धन बाँसी - **२ लाख ।**
२३. जैसीवाडा सेरिखेत सिचाई पाईप खरिद - **रु. २ लाख ।**
२४. कपुरखोला वाङ्गौ सिचाई कुलो गिताचौर - **२ लाख ।**
२५. कपासे कोईलतारा सिचाई कुलो निर्माण र माछापोखरी गिताचौर - **रु. ३ लाख ।**
२६. जुनतारा अलैचि वाडि सिचाईकुलो निर्माण - **रु. ३ लाख ।**
२७. पशु कार्यालय घेरवार महाबु ४ - **४ लाख ।**
२८. निगालझप्री सिचाई कुलो मर्मत खरिगैरा - **रु. १ लाख ५० हजार ।**
२९. सानोखोला वुदीगाडे सिचाई कुलो गिताचौर - **रु. २ लाख ।**
३०. महाबै गाथ मन्दिर निर्माण (क्रमागत) वडा नं. ५ - **१५ लाख ।**
३१. रगे वाविरो मन्दिर निर्माण - **रु. २ लाख ।**
३२. नयाँथान धरमशाला निर्माण महाबु ५ - **रु. ३ लाख ।**

३३. कन्ने खोला डाडाखेत सिचाई कुलो निर्माण महाबु ५ - **रु. ३ लाख।**
३४. स्वास्थ्य कार्यालय व्यवस्थापन तथा मर्मत महाबु ५ - **रु. ५ लाख।**
३५. भगवती मन्दिर सिडि मर्मत गैडाबाज - **२ लाख।**
३६. पिपलडाँडा सिचाई पोखरी महाबु ४ - **१ लाख ५० हजार।**
३७. पिङहाल्ने डाडा सिचाई पोखरी वडा नं. ४ बुढाटोल - **रु. १ लाख ५० हजार।**
३८. सिचाई पोखरी फागु - **रु. २ लाख ५० हजार।**
३९. वर्थिङ सेन्टर भवन निर्माण तथा व्यवस्थापन टाकुरी - **१३ लाख।**
४०. थैरवस्थान चौतारा निर्माण रानिवन - **२ लाख ५० हजार।**
४१. गैडाबाज, घोडामच्चे, रानिवन, सिमलडाडा, एकपाटे सडक स्तरोन्नती - **रु. ८ लाख ।**
४२. न्यायीक समिति क्षमता अभिवृद्धि र व्यवस्थापन - **रु. ५ लाख।**
४३. न्यायपालिका ईजलाश निर्माण - **५ लाख।**
४४. दैवि प्रकोप - **रु. १२ लाख।**
४५. मर्मत सम्भार कोष - **रु. २० लाख**
४६. प्रकाश ढकाल खरिगैरा दवढा उपचार आर्थिक सहयोग - **रु. १ लाख।**
४७. उत्तिसेनि ठेकाखेत सिचाई हुलो निर्माण - **रु. २ लाख।**

**बस्ती, टोल हुँदै वडा सभा मार्फत विषयगत समितिवाट सिफारिस भई आएका तपसिल योजानहरु एकीकृत योजना तर्जुमा वैठक वाट स्वीकृत गरिएका आयोजनाहरु कार्यान्वयनका लागि गाउँ कार्यपालिका मार्फत गाउँ सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।**

## वडा नं. १(खरिगैरा

### (क) पुर्वाधार विकास तर्फ : ँ

- सिन्की धारा खा.पा., रावल धारा खा.पा., साल्ताडा सडक निर्माण - रु. ६ लाख ।
- कोलगैरा खा.पा., स्यानचौर भालुमारे सडक, जलुकेनि कुवा मर्मत - रु. ६ लाख ।
- आडी ढुंगा काला सिम खा.पा., कालासिम सडक निर्माण - रु. ६ लाख ।
- ठुला धारा खा.पा., नवलसिंह खा.पा. - रु. २ लाख ।
- मनपुर सिचाई र वरालटोल सिचाई योजना रु. ३ लाख ।
- खरिगैरा, सविक ४ हुँदै देवलकाँडा सडक निर्माण - ३ लाख

### (ख) आर्थिक विकास योजना तर्फ

- दलित, जनजाती, महिला, र अपाङ्ग क्षमता विकास - रु. २ लाख ।
- बाखा, बोका, राँगा, कुखुरा, वंगुर पालन - रु. २ लाख ।
- सिलाई कटाई मेसीन खरिद र पुनर्ताजगी (साझेदारी) - रु. २ लाख ।
- व्यबशायीक तरकारी खेति र विउ वितरण - रु. ३ लाख ।
- तारपनाला सिचाई, कालेखोला सिचाई एवं पाईप खरिद - रु. ३ लाख ।

### (ग) सामाजिक विकास तर्फ

- स्वास्थ्य कार्यालय व्यवस्थापन तथा शौचालय निर्माण र ल्याव संचालन - रु. ५ लाख ।
- वाल शिक्षा भवन मर्मत, खोप क्लिनिक भवन - रु. १ लाख ।
- तल्लो आख्ले ख.पा. , पिपल चौतारा खा.पा. टंकी निर्माण र धरमशाला फील्ड निर्माण - रु. ७ लाख ।
- खरिगैरा फुस(खर) विहिन छाना कार्यक्रम, तारपनाला सिमेन्ट पुल, मल्ल टोल कुवा मर्मत, टाकुरेल सिचाई , पोलीहाउस निर्माण, ढाँड सिचाई, निगाल झाप्री सिचाई, पल्लो शिला सडक, टिमुर धारा मर्मत - रु. १२ लाख ।

### (घ) सुशासन तथा संस्थागत विकास तर्फ

- नारी दिवस, तिज गित, देउडा गित र जेष्ठ नागरिक सम्मान - रु. ४ लाख ५० हजार ।
- विपन्न विध्यार्थि छात्रवृति कार्यक्रम - रु. २ लाख ।
- प्रतिक्षालय, देव बहादुर सेनको घर हुँदै पिपल चौतारा सडक, गाँडा पानि सिचाई - रु. ४ लाख ५० हजार ।
- वाल विवाह, बहु विवाह, छाउपडी प्रथा उन्मुलन - रु. १ लाख ।
- मष्टा आ.वि. कुवा मर्मत र धाराखोला कुवा मर्मत - रु. १ लाख ।

### (ङ) वन वातावरण तथा विपद् व्यबस्थापन

- स्याला गल्छी निर्माण , पानिमुलटोल खा.पा. मर्मत - रु. १ लाख ५० हजार ।
- असिना पिडित सहायता - रु. २ लाख ।
- जयन्ती मा.वि. भवन मर्मत तथा खेलकुद - रु. ६ लाख ।
- पानि मुल बराल मन्दीर निर्माण, फागे ओडार सिचाई - रु. ३ लाख ५० हजार ।
- पाल्ती कोपिला र मष्टा विध्यालय व्यबस्थापन तथा मर्मत सिचाई पोखरी निर्माण - रु. ७ लाख ।

## वडा नं. २ (वडाखोला)

### (क) पुर्वाधार विकास तर्फका योजना हरु

- वडा नं २ का सबै भित्री मोटर वाटो मर्मत - रु. ३ लाख ।
- ताराघाट कोलडाँडा सडक स्तरोन्नती - रु. ६ लाख ।
- भिले सिमखेत मोटर वाटो निर्माण - रु. २ लाख ।
- ढाण जुम्ले वारी खानेपानी निर्माण -रु. १ लाख ।
- सिमखेत खानेपानी निर्माण - रु. १ लाख

- भ्याकुल चौर, ताराचौर मोटरवाटो निर्माण - रु. १ लाख ५० हाजार ।
- गैरागाउँ पँधेरा मोटरवाटो स्तरोन्नती - रु. ५ लाख ।
- जगदिश मा.वि. तिपेडी सडक स्तरोन्नती - रु. ६ लाख ५० हजार ।
- चौतारा लामकान थान मान्म खरिगैरा सडक स्तरोन्नती - रु. १५ लाख ।

(ख) आर्थिक विकास तर्फका योजनाहरु

- उन्नत जातका राँगो खरिद - रु. १ लाख ।
- पशु सेवा औषधि र सामान खरिद - रु. ३ लाख ।
- काफलताडा सिचाई कुलो - रु. १ लाख ५० हजार ।
- डुंग्री ऐराडि पाईप खरिद -रु. २ लाख ।
- आटिपाटा ताराचौर सिचाई कुलो निर्माण - रु. १ लाख ५० हजार ।

(ग) सामाजिक विकास तर्फ

- किउरेपानी आ.वि.घेरबार – रु. ७ लाख ।
- शिव आ.वि. घेरवार - रु. २ लाख ।
- आटिपाटा प्रा.वि. फर्निचर तथा सामाग्री खरीद - रु. १ लाख ।
- अर्जम खेलकुद फील्ड निर्माण - रु. १ लाख ५० हजार ।
- स्वास्थ्य चौकी वडाखोला कार्यालय व्यवस्थापन - रु. १ लाख ।
- अर्जम प्रतिक्षालय निर्माण - रु. १ लाख ५० हजार ।
- मडा विसाउने दारेघाट हल्दुगेट - रु. १ लाख ।
- अपाङ्ग सम्मान कार्यक्रम - रु. ५० हजार ।

(घ) वन वातावरण तथा विपद् व्यबस्थापन

- भाने खोला मुहान संरक्षण - रु. १ लाख ।
- लामकान थान मन्दिर निर्माण - रु. २ लाख ५० हजार ।
- सिद्ध शान्ती मन्दीर निर्माण - रु १ लाख ।
- माईको मन्दिर निर्माण - रु. १ लाख ।

(ङ) सुशासन तथा संस्थागत विकास तर्फ

- वर्थिङ सेन्टर संचालन तथा व्यबस्थापन - रु. ५ लाख ।
- दलित लक्षीत सिप विकास - रु. १ लाख ।
- नारी दिवस, तिज गित र होजियारी तालिम - रु. २ लाख ।
- माघि तथा ल्होसार पर्व - रु. १ लाख ।
- वडा कार्यालय भवन मर्मत तथा जालि - रु. ७ लाख ।
- फुसका छाना रहित वडा घोषणा कार्यक्रम - रु. ४ लाख ।
- एकल महिला, जेष्ठ नागरिक सम्मान कार्यक्रम - रु. ३ लाख ।
- आर्थिक सहायता - रु . १ लाख ।
- खेलकुद कार्यक्रम - रु. १ लाख ।

## वडा नं. ३ (बाँसी)

### (क) पुर्वाधार विकास तर्फ

- स्वास्थ्य चौकी प्रीफेव भवन व्यवस्थापन - रु. **७ लाख ।**
- खेलकुद मैदान निर्माण - रु. **६ लाख ।**
- वडा कार्यालय घेरवार तथा व्यबस्थापन - रु. **५ लाख ।**
- मष्ट मन्दिर प्रतिक्षालय निर्माण चुकेआम - रु. **२ लाख ।**
- वण्डाली थान गोटिखोला मोटर वाटो - रु. **४ लाख ।**
- महिला सञ्जाल भवन निर्माण - रु. **९ लाख ।**
- तोलेनि तिपेडि सडक निर्माण - रु. **३ लाख ।**
- राज्म, ईर्फी, मान्म सडक - रु. **४ लाख ।**
- पुर्म मेलिकोट सडक - रु. **२ लाख ।**
- दमाई टोल गोरेटो वाटो निर्माण - रु. **२ लाख ।**

### (ख) सामाजिक विकास तर्फ

- दुनिखोला सिचाई पोखरी निर्माण - रु. **१ लाख ।**
- डोप्का खानेपानी निर्माण चुकेआम - रु. **१ लाख ।**
- सुवाकोट बुढाटोल खोपानि निर्माण - रु. **१ लाख ।**
- मालिका मा.वि. कार्यालय व्यवस्थापन - रु. **२ लाख ।**
- ने.रा. आ.वि. व्यबस्थापन - रु. **२ लाख ।**
- भगवति आ.वि. व्यवस्थापन - रु. **२ लाख ।**
- पाठकी आ.वि. व्यवस्थापन - रु. **१ लाख ।**
- काउली खानेपानी - रु. **१ लाख ।**
- गडुलि धारा, खत्री टोल, रावल टोल खा.पा. - रु. **१ लाख ।**
- गोगन पानी थाम्बाँसी खानेपानी - रु. **१ लाख ।**
- चाल्नेमुल, थाम्बाँसी खोप खाने पानी - रु. **२ लाख ।**
- गोरी खौला पाडुलि डाँडा खानेपानी - रु. **२ लाख ।**
- जलिखोला चलाउने टोल खा.पा. - रु. **१ लाख ।**
- सिरुवान तल्लो टोल खा.पा. - रु. **१ लाख ।**
- बाहुन टोल खा.पा. धारा निर्माण - रु. **१ लाख ।**
- खोप देउन डाँडा खा.पा. - रु. **२ लाख ।**
- कोलिएन धारा निर्माण - रु. **१ लाख ।**
- विश्व खाध्य खा.पा. मर्मत - रु. **१ लाख ।**
- नेवा खा.पा. मर्मत - रु. **१ लाख ।**
- तोलेनि खा.पा. निर्माण - रु. **१ लाख ५० हजार ।**
- भण्डारी टोल खा.पा. - रु. **२ लाख ।**

### (ग) आर्थिक विकास तर्फ

- सेरी सिचाई पोखरी निर्माण - रु. **१ लाख ।**
- काशि सिचाई कुलो निर्माण - रु. **१ लाख ।**
- माप्ले सिचाई कलो - रु. **१ लाख ।**
- ईर्फी सिचाई पोखर - रु. **१ लाख ।**
- कृषि विउविजन खरिद - रु. **१ लाख ।**

- पशु पालन कार्यक्रम - रु. १ लाख ।
- आकाटार सिचाई पोखरी - रु. १ लाख ।
- माछापोखरी र धारा निर्माण - रु. १ लाख ।
- माम्ले कुलो निर्माण पुरिखम - रु. १ लाख ।

(घ) वन वातावरण र विपद् ब्यवस्थापन तर्फ

- कोटडाँडा कुवा मर्मत - रु. १ लाख ।
- डोप्का तटवन्धन - रु. १ लाख ।
- संगाडे खानेपानी निर्माण - रु. १ लाख ।
- सवै टोल बस्ती लाई मठ मन्दीर - रु. ५ लाख ।
- तिपेडि कालासिम तटवन्धन - रु. १ लाख ।

(ङ) सुशासन तथा संस्थागत विकास तर्फ

- ज्वाला युवा क्लव - रु. १ लाख ।
- वालवालिका क्षमता विकास तालिम - रु. ५० हजार ।
- महिला, जेष्ठ नागरिक, दलित, अपाङ्ग सम्मान कार्यक्रम - रु. १ लाख ।
- होजियारी तालिम - रु. १ लाख ।
- मायाको चिनो - रु. १ लाख ।
- सोसेक सहजकर्ता परिचालन कार्यक्रम - रु. १ लाख ।
- तोलेनि लामा टोल खा.पा. निर्माण - रु. १ लाख ।

वडा नं. ४

(क) पुर्वाधार विकास तर्फ

- काप्रिखोला गिताचौर सडक निर्माण - रु. १५ लाख ।
- कुटी डाँडा छुवालेटोल वगौरा नयाँवस्ती सडक - रु. ८ लाख ।
- चाल्नेमुल चुरेघाँटी सडक - रु. ३ लाख ।
- महाबु पार्क निर्माण - रु. ५ लाख ।
- गैडाबाज ढल निकास - १ लाख ।
- बुढाटोल घट्टेखोला गोरेटो बाटो निर्माण - रु. १ लाख ५० हजार ।

(ख) सामाजिक विकास तर्फ

- स्वास्थ्य चौकी वर्थिङ सेन्टर निर्माण गिताचौर - १५ लाख ।
- वडा स्तरीय खेलकुद मैदान निर्माण - रु. १० लाख ।
- वृद्धाश्रम निर्माण गिताचौर - ५ लाख ।
- गैडाबाज मा.वि. विध्यालय ब्यवस्थापन - रु. ५ लाख ।
- मन्दिर निर्माण तथा मर्मत (सात वटा) - रु. ७ लाख ।

(ग) आर्थिक विकास तर्फ

- कालढुंगा खा.पा. निर्माण नयाँवस्ती - रु. २ लाख ।
- धरमशाला मर्मत - रु. ४ लाख ।
- घट्टेखोला बुढाखाल सिचाइ कुलो निर्माण - रु. २ लाख ५० हजार ।
- पाईप खरिद नयाँ बस्ती - रु. १ लाख ।
- उत्तीसेनि वुढा टोल सिचाई कुलो - रु. २ लाख ५० हजार ।

**(घ) वन वातावरण तथा विपद् व्यबस्थापन तर्फ**

- तल्लो बाँसखोला सिचाई कुलो निर्माण काप्रीखोला - रु. २ लाख ।
- गैराघर, सिमखेत, राँचुल्ला टोल, बाँझकोटि टोल कुवा धारा मर्मत - रु. २ लाख ।
- सामुदायिक वन व्यवस्थापन - रु. २ लाख ।

**(ङ) सुशासन तथा संस्थागत विकास तर्फ**

- दलित टोल आरुपाटा खा.पा. मर्मत - रु. २ लाख ।
- अपाङ्ग शौचालय निर्माण फागु - रु. ५० हजार ।

वडा न.. ५ (काँशिकाँध)

(क) पुर्वाधार विकास तर्फ

- कोटडाँडा, गोर्ति, कँडेनी सडक - रु. १२ लाख ।
- फागु, गडिगाउँ गोर्ति सडक - रु. ११ लाख ।
- पिपलचौतारा कालेखोला तिदुगैरा सडक - रु. ७ लाख ।
- कोटडाँडा बडावन सल्लेरी सडक - रु. ३ लाख ।
- कोटडाँडा बाँझखर्क वलिडाँडा सडक - रु. २ लाख ५० हजार ।
- नयाँथान बजाडी डाँडा दालचरि चौर सडक - रु. ३ लाख ।
- समज्यु डाँडा चुन्टाकुरा सडक - रु. ३ लाख ।
- पिपलचौतारा सालपानी भेडिखोर सडक - रु. १ लाख ।
- पिपलचौतारा पत्थरखोला घट्ट सम्म गोरेटो वाटो - रु. १ लाख ।
- गोर्ति सानोखोला गोरेटो वाटो - रु. १ लाख ।
- चुन्टाकुरा पातिकाल्ला गोरेटो वाटो - रु. १ लाख ।
- गडिगाउँ काग्ते छेपारीडाँडा गोरेटो वाटो - रु. १ लाख ।

(ख) आर्थिक विकास तर्फ

- .चुनढुंगा फयलखेत सिचाई कुलो - रु. ३ लाख ।
- जुगेपानी सिमल रुख सिचाईकुलो - रु. ३ लाख ।
- सौरेखोला डाँडाखेत सिचाईकुलो - रु. ३ लाख ।
- गोर्तिखोला कणेनि सिचाईकुलो - रु. १ लाख ।
- माथिल्लो सिमखेत सिचाई पोखरी - रु. २ लाख ५० हजार ।
- योगि डाँडा सिचाइ पोखरी - रु. २ लाख ।
- सालपानी खेत सिचाई पोखरी - रु. २ लाख ।
- तल्लो वडावन सिचाई पोखरी - रु. १ लाख ५० हजार ।
- काँशिकाँध चुन्टाकुरा गैरिखेत सिचाई पोखरी - रु. १ लाख ५० हजार ।
- सिचाई पाईप खरिद - रु. ४ लाख ।
- साँझु मेहेलरुख सिचाई - रु. १ लाख ।

- कृषि तरकारी पकेट क्षेत्र गडिगाउ - रु. ४ लाख ।

(ग) समाजिक विकास तर्फ

- पिपलचौतारा प्रा.वि. तटवन्धन तथा घेरवार - रु. २ लाख ।
- चुन्टाकुरा प्रा.वि. भवन मर्मत - रु. ५ लाख ।
- शिव आ.वि. फील्ड भवन मर्मत, घेरवार तथा व्यबस्थापन - रु. ५ लाख ।
- कैलाश आ.वि. गोर्ति भवन मर्मत - २ लाख ।
- गोर्ति सामुदायीक भवन मर्मत तथा शौचालय निर्माण - रु. १ लाख ।
- अपाङ्ग आयआर्जन कार्यक्रम - रु. १ लाख ५० हजार ।
- दलित, जनजाती, महिला, जेष्ठ नागरिक आयआर्जन तथा औजार खरिद - २ लाख ।
- गोर्ति मष्टाथान फील्ड तथा प्रतिक्षालय - रु. १ लाख ।
- पिपलचौतारा कुवा निर्माण - रु. ५० हजार ।
- वडा स्तरिय खेल मैदान - रु. ७ लाख ।

(घ) वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ

- काँशिकाँध खेत तटवन्धन - रु. २ लाख ।
- तल्लो वडाबन तटबन्धन - रु. १ लाख ।
- गोर्ति ढाँड पहिरो नियन्त्रण - रु. १ लाख ।
- कुटि मेदासी खेत तटवन्धन - रु. १ लाख ।

वडा नं. ६ ( रानिवन,टाकुरी)

(क) पुर्वाधार विकास तर्फ

- उत्तिसेनि टाकुरी सडक निर्माण - रु. ८ लाख ।
- एपाटे जौखोरीया काँशिकाँध सडक - रु. ३० लाख ।
- सिमलडाँडा सिम्सेली टोल नयाँवस्ती सडक निर्माण - रु. ५ लाख ।
- जौखोरीया काँशिकाँध सडक निर्माण - रु. १० लाख ।
- एकपाटे लामिडाँडा उत्तिसेनि सडक स्तरोन्नती - रु. ८ लाख ।
- बराहस्थान देखि लामिडाँडा विध्यालय सम्म सडक निर्माण - रु. ६ लाख ।
- टाकुरी खा.पा. निर्माण - रु. १० लाख ।
- घट्टे खोला देखि गुर्जेनि सम्म गोटो वाटो - रु. १ लाख ।
- भैरव मा.वि. देखि सिस्नेरि खोला गोरेटो वाटो - रु. २ लाख ।

(ख) समाजिक विकास तर्फ

- कालिका मा.वि. भवन मर्मत - रु. ८ लाख ।
- भैरव मा.वि. रानिवन भौतिक व्यवस्थापन - रु. ५ लाख ।
- गणेश आ.वि. बाहुन टोल फील्ड तथा भवन मर्मत - रु. ५ लाख ।
- नेरा आ.वि. एकपाटे छाना मर्मत - रु. ५ लाख ।
- शिव आ.वि. लामिडाँडा फील्ड निर्माण - रु. ४ लाख ।
- उत्तिस घारी वाट केदार शाही घर सम्म पाईप खरिद - रु. १ लाख ।

(ग) आर्थिक विकास तर्फ

- रवट सिचाई कुलो निर्माण - रु. ४ लाख ।
- उत्तिसेनि विध्यालय सम्म खा.पा. मर्मत - रु. २ लाख ।
- टाकुरी खा.पा. मर्मत (समटोल) - रु. १ लाख ।

- चुनारा टोल खा.पा. मर्मत - **रु. २ लाख ।**
- जौखोरिया खा.पा. मर्मत - **रु. १ लाख ५० हजार ।**

**(घ) वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ**

- दर्लामि टोल, आले टोल, सिजालि खोला खेत तटबन्धन - **रु. ३ लाख ।**
- बाँसघारी खाल्टी डाँडा पहिरो नियन्त्रण - **रु. २ लाख ।**

**(ङ) सुशासन तथा संस्थागत विकास तर्फ**

- किशोरी सम्बाद कार्यक्रम - **रु. १ लाख ५० हजार ।**
- तिन दोभान उत्तिसेनी मन्दीर निर्माण - **रु. २ लाख ।**

**चालु शिर्षक तर्फ**
**व्यय अनुमान**
**आ.व. ०७६/०७७**

| शीर्षक | | | श्रोत | | | |
|---|---|---|---|---|---|---|
| चालु खर्च | | आ.व.२०७५ / २०७६ को अनुमान | आन्तरीक श्रोत | अन्तरसरकारी वितीय हस्तान्तरण | | |
| संकेत | शीर्षक | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय सरकार |
| २१११ १ | पारिश्रमिक कर्मचारी | १२०००००० | | नेपाल सरकार | | |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ४५००००० | | ” | | |
| २११२१ | पोशाक भता, कर्मचारी | ३५०००० | | ” | | |
| २११३१ | स्थानीय भता | १०००००० | | ” | | |
| २११३२ | महंगी भता | ४००००० | | ” | | |
| २११३४ | कर्मचारीको बैठक भता | १००००० | | ” | | |
| २११३५ | कर्मचारीको प्रोत्साहन तथा पुरस्कार | १०००००। | | ” | | |
| २११४१ | पदाधिकारीको बैठक भता | २२००००० | | ” | | |
| २११४२ | पदाधिकारीको अन्य सुविधा | १२००००० | | ” | | |
| २१२१४ | कर्मचारी कल्याण कोष | ३००००० | | ” | | |
| २२१११ | पानी तथा विजुली | २००००० | | ” | | |
| २२११२ | संचार महशुल | ३००००० | | ” | | |
| २२२११ | इन्धन ,पदाधिकारी | १००००० | | ” | | |
| २२२१२ | इन्धन ,कार्यालय प्रयोजन | ८००००० | | ” | | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ७००००० | | ” | | |
| २२२१४ | विमा तथा नविकरण खर्च | १५०००० | | ” | | |
| २२२२१ | मेशिन औजार मर्मत सम्मार | ४००००० | | ” | | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २९००००० | | ” | | |
| २२३१५ | पत्रपत्रिका, छपाइ तथा सुचना प्रकाशन खर्च | ७००००० | | ” | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२४११ | सेवा र परामर्श खर्च<br>क) प्रोफाइल नि<br>ख)अन्य कर्मचारीको सेवा सुविधा | १२००००० | | " | | |
| २२४१३ | करार सेवा शुल्क | ० | | " | | |
| २२४१४ | सरसफाई सेवा शुल्क | १००००० | | " | | |
| २२५११ | कर्मचारी तालिम खर्च | १००००० | | " | | |
| २२५२९ | विविध कार्यक्रम खर्च | २५०००० | | " | | |
| | अनुगमन ,मूल्याङ्कन खर्च | ८००००० | | " | | |
| | भ्रमण खर्च | १३००००० | | " | | |
| २२७११ | विविध खर्च | १०००००० | | " | | |
| २२७२१ | सभा सचालन | २००००० | | " | | |
| २७२१३ | औषधी खरिद (स्वास्थ्य तथा पशु+कृषि) | १२००००० | | " | | |
| २८१४२ | घर भाडा | ४००००० | | " | | |
| २८९११ | भैपरी आउने+आर्थिक सहायता चालु खर्च | १०००००० | | " | | |
| | शैक्षिक अनुदान (विभिन्न विद्मयालयहरुका लागि ) उत्कस्ठ अंक ल्याउने छात्रा हरुलाई छात्रवृति | १)९००००००<br>२)८००००० | | " | | |
| | स्वाथ्य अनुदान(विभिन्न स्वास्थ्य संस्था तथा सामुदायिक स्वास्थ्य प्रवर्धक | ३५,००००० | | " | | |
| | योजना DPR तयारि भुक्तानी र बाँकी DPR | २५००००० | | " | | |
| | | | | | | |

**अध्यक्ष महोदय,**

अन्तमा बजेट निर्माणमा सहयोग बुर्याउनुहुने गाउपालिका अध्यक्ष ज्यु, कार्यपालिकाका सदस्य ज्यु हरु, वडा अध्यक्ष ज्यु हरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु, लगायत कर्मचारी ज्यु, विभिन्न शाखाका प्रमुख ज्युहरु, साझेदार संस्थाका प्रमुख ज्युहरु, सहयोगको लागि धन्यवाद दिन चाहन्छु आभार ब्यक्त गर्न चाहन्छु । ०७६/०७७ को निति, कार्यक्रम र बजेटलाई कार्यान्वयनमा सहयोग पुर्याउनुहुनेछ भन्ने आशा गरेको छु। आफ्नो भनाई अन्त्य गर्दछु ।

**धन्यवाद ।**

**प्रेम कुमार बुढा**
उपाध्यक्ष
महाबु गाउँपालिका